रंगेली नगरपालिका मोरङ्गद्वारा प्रकाशित

रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : १५ मिति : २०८०/१२/२०

## भाग १

## रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

### रंगेली नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन), २०८०

नगरसभाबाट स्वीकृत मितिः २०८०/११/०२

# रंगेली नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन), २०८०

प्रस्तावनाः रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “रंगेली नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन),२०८०” रहेको छ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. रंगेली नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन),२०८० मा देहाय बमोजिम संशोधन गरिएको छ ।

| | | |
|---|---|---|
| दफा २१ (८) | विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको काम गर्नेछ । | माथि जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पद सकिएको भोलि पल्ट देखि विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको काम गर्नेछ ।तर वडा अध्यक्षको पद रिक्त भएको वा स्वास्थ्यका कारण आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्थामा नगर प्रमुखले कार्यकुशलता र क्षमताका आधारमा पालिकाका निर्वाचित प्रतिनिधीलाई अध्यक्ष तोक्न सक्नेछ । |
| ५० (घ) | शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धि व्यवस्था | .................... (हटाइएको) |
| ५५ (१) | ५५ (३) मा थपिएको | **५५.३ चेतावनी दिन सकिनेः** शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फइलमा राख्नेछ ।<br>(क) समय पालना नगरेमा,<br>(ख) मन्त्रालय, प्रदेश सरकार, मन्त्रालय अन्तरगतका निकाय र स्थानीय तहले दिएको आदेश पालना नगरेमा,<br>(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,<br>(घ) परीक्षा पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा,<br>(ङ) विद्यार्थीलाई बालमैत्री, शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा,<br>(च) आफ्नो कार्य जवाफदेहीपूर्वक नगरेमा ।<br>**५५.४. सजायः** उचित र पर्याप्त कारण भएमा शिषकलाई विभागीय सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः-<br>(क) सामान्य सजाय<br>(१) नसिहत दिने<br>(२) बढीमा पाँच तलब बृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।<br>(ख) विशेष सजायः<br>(१) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने<br>(२) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने<br>**५५.५. नसिहत दिनेः** देहायको कुनै अवस्था भएमा शिक्षकलाई नसिहत दिन सकिनेछः |

(क) निजको अध्यापन सम्बन्धी काम सन्तोषजनक नभएमा

(ख) पूर्वस्वीकृति नलिई पटक पटक विद्यालयमा अनुपस्थित रहेमा

(ग) प्रचलित कानुन बमोजिम पेश्की फछ्र्यौट नगरेमा

(घ) समाजिक परीक्षणको प्रतिवेदनबाट विद्यार्थीको सिकाइ सम्बन्धी काममा जिम्मेवार नदेखिएमा

(ङ) दफा ५५.३ बमोजिम चेतावनी पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको चेतावनी पाएमा

**५५.६. बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्नेः** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिनेछः-

(क) अध्यापन गर्ने कार्य जिम्मेवारी पूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) विद्यार्थीको पीर मर्का र गुनासो पटक पटक बेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ङ) अध्ययन अध्यापनमा जानाजान लापरवाही तथा ढिलासुस्ती गरी विद्यार्थीको सिकाइमा हानि पुर्याएमा,

(च) बढुवाको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(छ) विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा,

(ज) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(झ) दफा ५५.५ बमोजिम नसिहत पाएको शिक्षकले सीही पदमा रहँदा पुनः सोही दफा बमोजिम नसिहत पाएमा।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकको तलबवृद्धि वा बढुवा रोक्का भएकोमा कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राख्नुपर्नेछ ।

**५५.७. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) अध्यापन गर्ने जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) परीक्षमा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने परीक्षा सञ्चालनमा अमर्यादित काम गर्ने वा गराउने उत्तरपुस्तिका परीक्षणमा लापहवाही गर्ने तथा नतिजा प्रकाशनमा अमर्यादित कार्य गरेमा,

(ग) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा ,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

| | | |
|---|---|---|
| | | (ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिन सम्म कार्यरत विद्यालयमा अनुपस्थित रहेमा,<br>(च) बीदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएकोमा त्यस्तो अध्ययन तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,<br>(छ) असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर हुन नआएमा,<br>(ज) तोकिएको अधिकारिको स्वीकृति नलिइ विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,<br>(झ) बहुविवाह गरेमा,<br>(ञ) दफा ५५.६बमोजिम सजाय पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा,<br>(ट) यस ऐनमा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष वा सोभन्दा बढी कैदको सजाय भएमा।<br>(२) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ।<br>(क) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,<br>(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,<br>(ग) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिक्ता उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।<br>**५५.८. विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रियाः** (१) शिक्षकलाई विभागीय सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-<br>(क) दफा ५५.५ बमोजिम नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति<br>(ख) दफा ५५.६ बमोजिम बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत<br>(ग) दफा ५५.७ बमोजिम शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त नगर कार्यपालिकाले गर्न सक्नेछ ।<br>(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय दिने अधिकारीले शिक्षकलाई सजाय दिनु अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ । |

(३) उपदफा (२) बमोजिम सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित शिक्षकले सो म्यादभित्र उपदफा (३) बमोजिमको आरोपको तथ्य र प्रमाणको आधारमा आफ्नो सफाइ पेश गर्नु पर्नेछ ।

(५) सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाइ सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ प्राप्त नभइ त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको सजाय प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ र सो को जानकरी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनुपर्नेछ ।

(६) यस ऐन बमोजिम विशेष सजाय गर्नुपर्ने भएमा उपदफा (५) बमोजिम आयोगको परामर्श लिनु अघि उपदफा (२) बमोजिम सफाई पेश गर्न दिइएको म्याद भित्र सम्बन्धित शिक्षकले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ  र सो को जानकरी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनुपर्नेछ ।

**५५.९. गयलकट्टी गर्नु पर्नेः** (१) बिदा स्वीकृत नगराई आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले दफा ५५.६ र ५५.७ को अधीनमा रही गयल र तलबकट्टी गर्नु पर्नेछ र यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण स्थानीय तह, शिक्षा विभाग र राष्ट्रिय कितावखाना (शिक्षक) समेतमा पठाउनु पर्नेछ ।

**५५.१० निलम्बन गर्नेः** (१) कुनै शिक्षकको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त शिक्षकलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर निलम्बन नगरी विद्यालयमा उपस्थित हुन दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको प्रमाण गायब गर्न सक्ने वा निलम्बन नगरी विद्यालयमा काम गर्न दिँदा विद्यालय वा विद्यार्थीलाई हानी नोक्सानी हुन सक्ने सम्भावना नभई साधारतया निलम्बन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन र सो अवधिभित्रै निजउपरको कारबाही किनारा लगाउनु पर्नेछ ।

तर कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको

| | | |
|---|---|---|
| | | अवधि बढाउनु परेमा तीस दिन सम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।<br>(३) कुनै फौजदारी कसूरमा न्यायिक हिरासतमा रहेको शिक्षक त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।<br>(४) कुनै शिक्षकको विरुद्ध भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु बेचविखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक स्वतः निलम्बन भएको मानिनेछ ।<br>**५५.११. निलम्बनको समाप्तिः** (१) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ५५.१० को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, विद्यालय शिक्षकलाई सेवाबाट हठाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम विद्यालय शिक्षकलाई सेवाबाट हटाइएकोमा वा बर्खास्त गरिएकोमा बाहेक निलम्बन समाप्त भएपछि त्यस्तो शिक्षकको पुनः बहाली हुनेछ ।<br>**५५.१२. पुनः बहाली हुन सक्नेः** विभागीय सजाय भई हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।<br>**५५.१३. नोकरी नथामिनेः** कुनै शिक्षकले दफा ५५.४ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा दफा ५५.१२ बमोजिम अदालतको आदेशबाट सेवामा पुनः बहाली हुने भएमा सो निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन । |

| | | |
|---|---|---|
| दफा ३४ | **३४. करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्थाः-** (१) सामुदायिक विद्यालयमा रिक्त रहेको दरबन्दिमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येकविद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः<br>(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष<br>(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत -सदस्य<br>(ग) नगर कार्यपालिकाको कार्यालयको विज्ञ सूचीमा उल्लेखित सम्वन्धित विषय विज्ञमध्ये नगर प्रमुखको सिफारिसमा शिक्षा अधिकृतले तोकेको २ जना -सदस्य<br>(घ) प्रधानाध्यापक -सदस्य सचिव<br>(२) उपदफा (१) (ग) को प्रयेजनको लागि शिक्षा शाखाले समय समयमा दरखास्त आह्वान गरी विषय विज्ञहरुको ब्यक्तिगत विवरण सहितको विज्ञ सूची अध्यावधिक गरी राख्नु पर्नेछ।<br>(३) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा वा शिक्षा शाखाले तोकेको स्थानमा हुनेछ।<br>(४) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधी जारी गरेको भए शिक्षक तथा कर्मचारी छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधीको पालना गर्नु पर्नेछ।<br>(६) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।<br>(७) करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | **३४ करारमा शिक्षक, शिक्षण सहयोगी, बाल शिक्षक (स. का.), कर्मचारी छनौट सम्बन्धी व्यवस्थाः**(१) सामुदायिक विद्यालयमा रिक्त रहेको स्थायी दरबन्दीमा करारमा शिक्षक, बाल शिक्षक (स का), कर्मचारी र शिक्षण सहयोगी नियुक्तिका लागि सिफारिस गर्नका लागि देहाय बमोजिमको छनौट समिति रहनेछः<br>क. रंगेली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति – संयोजक<br>ख. नगरपालिकाको सामाजिक विकास समितिका संयोजक वा निजले तोकेको व्यक्ति - सदस्य<br>ग. नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिमा प्रतिनिधित्व गरिरहेका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिका संयोजकले तोकेको एक जना – सदस्य<br>घ. नगरपालिकाको प्रशासन शाखाका प्रमुख वा निजले तोकेको व्यक्ति – सदस्य<br>ङ. नगरपालिकाको शिक्षा शाखाका प्रमुख वा निजले तोकेको व्यक्ति – सदस्य सचिव<br>(२) दफा ३४ बमोजिम सामुदायिक विद्यालयमा पद रिक्त भएको १५ दिन भित्रमा नगरपालिकामा छनौटका लागि अनुरोध गर्नेछ । तर सो अवधि भित्रमा छनौटका लागि विद्यालयबाट अनुरोध नआएमा नगरपालिकाले छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न बाधा पर्ने छैन ।<br>(३) उपदफा (१) मा उल्लिखित छनौट समितिको सचिवालय नगरपालिकामा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा वा सो समितिका संयोजकले तोकेको स्थानमा हुनेछ।<br>(४) छनौट समितिको बैठक सम्बन्धि कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(५) करारमा शिक्षक कर्मचारी संघीय शिक्षण सहयोगी र नगरको शिक्षण सहयोगी छनौट गर्नका लागि विषय विज्ञको व्यवस्था नगर प्रमुख, उप प्रमुख एवं प्र प्र अ को सिफारिसमा दुई जना विज्ञ शिक्षा शाखाले तोक्नेछ र परीक्षा संचालन तथा अन्तरवार्ता समेत गरी प्राप्त नतिजा छनौट समितिलाई उपलब्ध गराउनुपर्नेछ ।<br>(६) करारमा शिक्षक कर्मचारी संघीय शिक्षण सहयोगी र नगरको शिक्षण सहयोगी छनौट गर्न सम्बन्धित तहको शिक्षकको लागि लिइने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(७) करारमा शिक्षक कर्मचारी संघीय शिक्षण सहयोगी र नगरको शिक्षण सहयोगी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(८) उपदफा (१) को (ग) बमोजिम नियुक्त पदाधिकारीको पदावधी नगर शिक्षा समितिको संयोजकले तोके बमोजिम हुनेछ। |

| | | |
|---|---|---|
| दफा ३४ क | **करारमा शिक्षण सहयोगी छनौट सम्बन्धी व्यवस्था** | हटाइएको |
| दफा ३४ ख | **सामुदायिक विद्यालयमा करारमा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः** | हटाइएको |
| २ श | **परिभाषाः** | (श) **शिक्षण सहयोगीः** भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट तलब भत्ता खाने गरी सिकाइ सहजिकरणका लागि नियुक्त अध्यापक सम्झनुपर्छ । |

**आज्ञाले**
**श्री तेजिन्द्र गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**